## इच्छा जाहेरी (Expression of Interest) दर्खास्त दिँदा आवश्यक पर्ने कागजात तथा सूचना

१. इच्छा जाहेरी इमेलमार्फत मात्र गर्न सकिनेछ। मुद्रितप्रति (Printed copy) मूल्याङ्कनको लागि मान्य हुनेछैन।

२. इच्छा जाहेरी नेपाली वा अंग्रेजी भाषामा विद्युतीय ढाँचामा मात्र पेश गर्नुपर्नेछ।

३. ईमेलको "विषय" मा प्रष्टसँग "इच्छा जाहेरी-गैसस/फर्म" लेखिएको हुनुपर्नेछ । यदि इच्छा जाहेरी निर्देशनबमोजिम पठाइएको छैन भने त्यस्ता दर्खास्त हराएमा, अगावै खुलेमा वा अयोग्य ठहरिएमा मेडेप जिम्मेवार हुनेछैन ।

४. मूल्याङ्कनको लागि इच्छा जाहेरीसँगै पठाउनुपर्ने कागजातहरु :

(क) उचित प्रकारले हस्ताक्षर गरी स्क्यान गरी पठाइएको इच्छा जाहेरी पत्र (ढाँचा संलग्न)

(ख) उचित प्रकारले भरिएको परियोजना अवधारणापत्र (त्यसमा भएका सम्पूर्ण विवरणसहित)

(ग) उचित प्रकारले भरिएको संस्थागत परिचय (त्यसमा भएका सम्पूर्ण विवरणसहित)

(घ) यस परियोजनामा संलग्न हुने कर्मचारीको व्यक्तिगत विवरण (सी.भी.)

(ङ) प्यान/भ्याट दर्ता प्रमाणपत्र

(च) करछुट प्रमाणपत्र (कर छुट भएमा)

(छ) कर तिरेको प्रमाणपत्र

(ज) विगत दुईवर्षको व्यवस्थापन पत्रसहितको लेखापरीक्षण प्रतिवेदन

(झ) संस्था दर्ताको प्रमाणपत्र (समाज कल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय आदि)

(ञ) सम्बद्ध क्षेत्रको कम्तिमा दुईवर्षको दक्षता प्रदर्शन गर्ने संस्थागत प्रमाण

(ट) यस परियोजनालाई आवश्यक पर्ने यथेष्ठ, सक्षम मानवस्रोत जस्तैः उद्यम विकास सहजकर्ता, कृषि-उद्यम विकास अधिकृत, वन उद्यम विकास अधिकृत, कार्यक्रम संयोजक, वित्त तथा प्रशासन सहायक/अधिकृत, तथ्याङ्क भण्डार सञ्चालक (डाटाबेस अपरेटर) आदि छन् भन्ने प्रमाणसहित

५. बृहत् र दुरुस्त इच्छा जाहेरी

प्रतिस्पर्धीले इच्छा जाहेरीको लागि आवश्यक पर्ने सम्पूर्ण जानकारी स्पष्ट ढङ्गले बुँदागत रुपमा उपलब्ध गराउनु पर्नेछ । यसरी पेश नगरिएका कुनै पनि इच्छा जाहेरी अस्वीकृत हुन सक्नेछन् । प्रतिस्पर्धीहरुले आफ्नो आवेदन इच्छा जाहेरीका शर्तहरुमा सीमित राख्नु पर्नेछ । अनावश्यक रुपमा व्याख्या गरिएका प्रस्तावहरुलाई निरुत्साहन गरिनेछ ।

६. गोपनीयता

यो इच्छा जाहेरी गोप्य राखिने समझदारी र शर्तमा यसमा उल्लेख गरिएका व्यक्तिलाई प्राप्त हुनेछ जसमा मेडेपका विशेषाधिकार सूचकहरु हुनेछन् । प्राप्त आवेदनका विवरणहरु मेडेपले फिर्ता पठाउने छैन । यस्ता कागजातहरु मेडेपको आन्तरिक प्रयोजनका लागि गोप्य राखिनेछ ।

६. इच्छा जाहेरी अनुरोधमा परिवर्तन

यस इच्छा जाहेरीमा भएका कुनै पनि सूचना वा शर्तहरु परिवर्तन गर्ने अधिकार मेडेपसँग हुनेछ । सेवा लिदाँको कुनै पनि अवस्थामा मेडेपले यस जाहेरीमा कुनै नयाँ सूचना वा शर्तहरु थप्न सक्नेछ । करार प्रदान गर्नुपूर्व मेडेपले कुनै पनि समयमा प्रस्तावकसँग सम्झौता गर्दा पनि सो परिवर्तन गर्न सक्नेछ ।

८. इच्छा जाहेरी पेश गर्ने अन्तिम म्याद

आवेदन **१२ जुन २०१२** (**२०६९ जेठ ३०**) अपराह्न ५ बजेभित्र दिइसक्नु पर्नेछ । म्याद नाघी आएका निवेदन स्वतः रद्द हुनेछन् ।

९. आवेदन खोल्ने

आबेदन खोल्ने तथा दर्ता गर्ने कार्य समितिको रोहवरमा २०६९ जेठ ३२  ( १४ जुन २०१२) मा मेडेपको कार्यालयमा हुनेछ ।

१०. मूल्याङ्कनका आधारहरु

सफल सेवाप्रदायकको मूल्याङ्कन गर्दा मेडेपको आवश्यकता पूरा गर्ने कारकतत्वलाई मुख्य आधार बनाइनेछ र यस शर्तका बुँदाहरुमा उल्लिखित मूल्याङ्कन आधारहरुलाई मात्र हेरिनेछैन ।

११. इच्छा जाहेरीमा परिवर्तन र फिर्ता

मेडेपमा पेश गरिसकिएका इच्छा जाहेरीमा कुनै पनि परिवर्तन हुनेछैन । यद्यपि प्रस्तावकले पेश गरिसकिएको इच्छा जाहेरी फिर्ता लिन भने सक्नेछन् तर सो कार्यका लागि **१२ जुन २०१२** (**२०६९ जेठ ३०**) अपरान्ह ५ बजेभित्र फिर्ताको लिखित आवेदन मेडेपको कार्यालय पुगिसकेको हुनुपर्नेछ । सम्बन्धित प्रतिस्पर्धीले हस्ताक्षर गरेको पत्र प्राप्त भएपछि मात्र फिर्ता स्वीकारिने छ ।

१२. मेडेपले कुनै कारण देखाई वा नदेखाई कुनै पनि वा सबै आवेदनहरु अस्वीकार गर्न सक्दछ ।

१३. यस सूचनामा नसमेटिएका तर सान्दर्भिक कुराहरु नेपाल सरकार-यूएनडीपीको राष्ट्रिय कार्यान्वयन निर्देशिकाबमोजिम हुनेछ ।